# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः ४) छत्रकोट गाउँपालिका, मितिः २०७७/०९/०६ (संख्याः ९

## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

## २०७७ सालको कार्यविधि नं. ९

## कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको सम्मान जनक विदाई कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७।०९।०३

**प्रस्तावनाः**

छत्रकोट गाउँपालिका अन्तरगत रहेका संपूर्ण स्वास्थ्य संस्थाहरुमा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले विगत लामो समय देखि स्वयं सेवक रुपमा कृयासिल रहि जनस्वास्थ्य प्रबर्धनका समुदाय स्तरमा जाने हरेक कार्यक्रमा सकृय भूमिका निर्भाहा गरिरहनु भएको छ । राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनीति

२०६७को पहिलो संसोधन २०७६ अनुसार ६० वर्ष उमेर पुरा भएकामहिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मान जनक विदाई गर्नको लागी  संघिय सरकारबाट रकम विनियोजन गरिदै आईरहेको र लामो समय देखि काम गरिरहेका तर ६० वर्ष उमेर पुरा नहुँदै विभिन्न कारणले महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको सेवाबाट बिदा लिन पर्ने अबस्थाका महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागी नगद सम्मान गर्ने कुनै किसिमको व्यवस्था नभएको कारणले निस्वार्थ भावले लामो समय संम्म समाज सेवाको कदर गर्न तथा समाज सेविको उचित सम्मान गरि मनोबलमा वृध्दि गर्नु स्थानिय सरकारको दाईत्व भित्र पर्ने भएको हुनाले, यो कार्यक्रम सुरुआत गर्न बान्छनिय भएकोले  स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छत्रकोट गाउँपालिका गाउँ कार्यपलिकाले यो कार्यविधि जारि गरेकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको सम्मान जनक विदाई कार्यबिधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्वास्थ ऐन, २०७६ सम्झनु पर्दछ।

(ख) "स्थानीय" तह भन्नाले गाउँपालिका सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका" भन्नाले आमा समुहले छनौट गरि आधारभूत तालिम प्राप्त गरि आफ्नो बसोवास भएको तोकीएको क्षेत्रमा स्वयं सेवक रुपमा स्वास्थ्य संवन्धि काम गर्ने महिलालाई सम्झनु पर्दछ।

**परिच्छेद-२**

**उद्देश्य**

३. **यस कार्यबिधिको मुख्य उदेस्यहरु देहाय बमोजिम रहेका छन्:।**

क) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाले स्वास्थ्य क्षेत्रमा पुर्याएको सेवाको सम्मान गर्ने ।

ख) ६० वर्ष पुरा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई गाउँपालिकको तर्फबाट सम्मान जनक विदाई गर्ने।

ग) ६० वर्ष पुरा नगरी सेवाबाट अवकास लिने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई गाउँपालिकको तर्फबाट सम्मान जनक विदाई गर्ने।

## परिच्छेद-३

## जिम्मेवारी

४. **जिम्मेवारी**

क) यस कार्यक्रम संयोजनको जिम्मेवारी छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाका अन्तरगतको महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका समितिलाई तोकिएको छ ।

५. **जिम्मेवार समितिको काम कर्तब्य र अधिकार :**

क) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको कामको मूल्याङ्कन गरि उत्कृष्ट महिला सामुदयिक स्वास्थ्य स्वयं सेविकाकलाई दिवसको दिन सम्मानगर्नेब्यवस्था मिलाउनेछ ।

ख) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको कामको अनुगमन गर्ने ब्यवस्था मिलाउने बिषेश परिस्थितिमा सामुहिक रुपमा काममा लगाउने छ।

ग) ६० वर्ष पुरा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई संधिय सरकारबाट प्राप्त हुने नगद रु २० हजार रुपिंया सहित गाउँपालिकको तर्फबाट सम्मान जनक विदाई गर्नेब्यवस्था मिलाउने छ।

घ) लामो समयदेखि काम गरिरहेका तर ६० वर्ष उमेर पुरा नहुँदै विभिन्न कारणले महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको सेवाबाट

बिदा लिन पर्ने अबस्थाका महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागी नगद सम्मान गर्नको लागी गाउँपालिकामा आबस्यक वजेटको व्यवस्था गरि निम्न अनुसारको आर्थिक सुबिधासहित गाउँपालिकको तर्फबाट सम्मान जनक विदाई गर्ने व्यवस्था मिलाउनेछ ।

१) ५ वर्ष वा सो भन्दा माथि ९ वर्ष सम्म सेवा गरेका लागि रु ५००००। पाँच हजार ।

२) १० वर्ष वा सो भन्दा माथि १९ वर्ष सम्म सेवा गरेका लागि रु १००००। दश हजार रुपिंया ।

३) २० वर्ष वा सो भन्दा माथि जति सुकै सेवा गरेका लागि रु २००००। बिश हजार रुपिंया ।

४) उल्लेखित सुविधा आर्थिक वर्ष २०७७/०७८ श्रावण देखि लागु हुने छ।

च) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कोषको रकम प्रयोग तथा वार्षिक रुपमा लेखापरिक्षण गराउने व्यवस्था मिलाउनु पर्ने छ ।

छ) वार्षिक रुपमामहिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रमको प्रतिवेदन गाउँपालिकको कार्यालयमा पेश गर्ने व्यबस्था मिलाउनु पर्ने छ ।

## परिच्छेद-४

## विविध

६. **यस कार्यक्रमको लागी बिनियोजित रकम गाउँपालिका मातहतमा नै रहने छ।**

७. **अनुगमन :** यस कार्यबिधि बमोजिम भएका सम्पूर्ण क्रियाकलापको अनुगमन गाउँपालिका तथा गाउँकार्यपालिकाका अन्तरगतको महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका समितिलाई तोकिएको छ।

८. **संशोधन र बचाउ:** यस कार्यबिधिको कुनै व्यबस्थामा संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्ने छ। नेपालको अन्य कुनै प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

प्रमाणिकरण मितिः २०७७।०९।०६

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत